# उर्लाबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# उर्लाबारी, मोरङ ।

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उर्लाबारीले सार्वजनिक गरेको सूचना सम्बन्धि विवरण :

आ.व. २०८०/०८१ को साउन देखि असार मसान्तसम्मको विवरण :

## (१) निकायको स्वरूप र प्रकृति :

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३/११/२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँपालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुद्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस नगरमा ७०,९०८ जनसंख्या मध्ये ५३ प्रतिशत महिला र ४७ प्रतिशत पुरुष सहित १७६५० घरपरिवार रहेको पाइन्छ । अधिकांश भू-भाग खेतियोग्य जमिन भएता पनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते, सुनझोडा सिमसार हुनु र यसको प्रबर्द्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ । संघीय संरचना अनुसार हाल उर्लाबारी नगरपालिका ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

यस नगरपालिका नेपालको संविधान तथा नेपाल सरकारद्वारा जारी स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित नेपालको कानून तथा यस नगरपालिकाद्वारा पारित ऐन, नियम, निर्देशिका तथा अन्य आवश्यक कानूनी व्यवस्था बमोजिम संञ्चालन हुन्छ ।

## (२) निकायको काम, कर्मव्य र अधिकार :

क. नेपालको संविधानको धारा र अनुसूची ८ बमोजिम स्थानीय तहको सरकारले गर्ने कार्यहरु :


- भाग १७ बमोजिम स्थानीय सरकार (कार्यपालिका) सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग १८ बमोजिम स्थानीय व्यवस्थापिका सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग १९ बमोजिम स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धि सम्पूर्ण कार्यहरु
- भाग २० बमोजिम संघ, प्रदेश र स्थानीय तहबिच अर्न्तसम्बन्धमा स्थानीय तहको दफाहरुमा उल्लेख भएका सम्पूर्ण कार्यहरु
- अनुसूची ८ बमोजिमको अधिकारका सूचिहरु उल्लेख भएका सबै कार्यहरु
- अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारका सूचिमा उल्लेख भएका र संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको जिम्मेवारीमा आउने सबै कार्यहरु
- उर्लाबारी नगरपालिकाको कार्यपालिका तथा व्यवस्थापिकाबाट पारित भएका सबै ऐन, नियम तथा कार्यविधिहरुले निर्धारण गरेका सम्पूर्ण कार्यहरु
- अन्य स्थानीय सरकारले गर्ने कार्यहरु

ख. नेपाल सरकारद्वारा जारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदत्त गरेका नगरपालिकाको काम, कर्तव्य र अधिकार बमोजिमका कार्यहरु ।

## (३) निकायको संगठनात्मक तालिका :

नगर सभाबाट स्वीकृत उर्लाबारी नगरपालिकाको संगठन संरचना :

**उर्लाबारी नगरपालिका, मोरङ, नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना**



**(४) विभिन्न पदहरूको कार्यविवरण :**

| क्र.सं. | पदको नाम | कार्य विवरण | कैफियत |
|---|---|---|---|
| १. | नगर प्रमुख | उर्लाबारी नगरपालिका, स्थानीय सरकारको प्रमुख नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | |
| २. | नगर उपप्रमुख | उर्लाबारी नगरपालिका, स्थानीय सरकारको उप नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | |
| ३. | वडाध्यक्ष | वडाको प्रमुख नेतृत्वकर्ता, निर्वाचित जनप्रतिनिधि | ९ जना |
| ४. | कार्यपालिका सदस्य | कार्यपालिकाको सदस्यको लागि निर्वाचित प्रतिनिधिबाट निर्वाचित जनप्रतिनिधि (दलित वा अल्पसङ्ख्यकबाट) | ३ जना |
| ५. | कार्यपालिका सदस्य | नगर सभासद मध्येबाट कार्यपालिकाको सदस्य निर्वाचित जनप्रतिनिधि (महिलाबाट) | ५ जना |
| ६. | नगर सभा सदस्य | नगरपालिकाको व्यवस्थापिका सभाको सदस्य नीति तथा विधायिकी अधिकार प्राप्त जनप्रतिनिधि | ५० जना |
| ७. | समितिका अध्यक्षहरू<br>१) न्यायिक समिति<br>२) अर्थ तथा सार्वजनिक लेखा समिति<br>३) विधायन समिति<br>४) सामाजिक समिति<br>५) सुशासन तथा स्थानीय सेवा समिति<br>६) कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक स्रोत समिति<br>७) अन्य | नेपालको संविधान, प्रचलित नेपालको कानून तथा प्रचलित उर्लाबारी नगर सरकारको कानून बमोजिम तोकिएका जिम्मेवारीहरू | नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्ष वा तोकिएको |
| ८. | समितिका पदाधिकारी नगरपालिकाबाट तोकिएका नगर सभासद लगायत अन्य प्रतिनिधिहरू | नेपालको संविधान, प्रचलित नेपालको कानून तथा प्रचलित उर्लाबारी नगर सरकारको कानून बमोजिम तोकिएका जिम्मेवारीहरू | |
| ९. | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका र नगर सभाको सचिव, प्रशासकीय नेतृत्वकर्ता | |
| १०. | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा प्रमुखको कार्य | |
| ११. | ईन्जिनियर | पूर्वाधार विकास सम्बन्धि कार्य | |
| १२. | अधिकृत | सम्बन्धि शाखाको तोकिएको कार्य | |

**(५) निकायबाट प्रदान गरिने सेवा :**

**वडा समिति कार्यालय मार्फत सम्पादन हुने कार्यहरू**

- शुरू कार्यालयको सिफारिसको कार्यहरू
- सर्जमिन मुचुल्का सम्बन्धि कार्यहरू
- स्थानीय तहको योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन
- पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धि कार्यहरू
- तथ्याङ्क संकलन अद्यायावधिक तथा संरक्षण
- वडाका विभिन्न उपभोक्ता हित सम्बन्धि कार्यहरूको क्षमता अभिवृद्धि तथा अनुगमन

**नगरकार्यपालिकाको कार्यालय मार्फत सम्पादन हुने कार्यहरू**

- सामान्य प्रशासन तथा कर्मचारी प्रशासन सम्बन्धि कार्यहरू
- सामाजिक सुरक्षा बालबालिका महिला लगायत लक्षित वर्गका कार्यहरू
- आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि कार्य
- प्राथमिक स्वास्थ्य कार्यहरू
- सहकारी दर्ता नविकरण अनुगमन लगायतका कार्यहरू
- व्यवसाय दर्ता नविकरण लगायतका कार्यहरू
- उपभोक्ता अधिकार संरक्षण सम्बन्धि कार्यहरू
- सूचना सञ्चार सम्बन्धि कार्यहरू
- एफ.एम., स्थानीय पत्रिका सञ्चालन अनुमति सम्बन्धि कार्यहरू
- बजार अनुगमन
- अन्य कार्यहरू

**(६) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी र सम्बन्धित शाखा प्रमुख**

| क्र.सं. | शाखा/उपशाखा | कोठा नं. | जिम्मेवारी व्यक्ति |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | २०७ | राजकुमार के.सी. |
| | **पहिलो तला** | | |
| २ | पूर्वाधार विकास तथा वातावरण शाखा, योजना उप-शाखा | १०७ | विकास दाहाल |
| ३ | प्राविधिक शाखा | १०४ | इ. पोखराज साह |
| ४ | खरिद तथा सम्पति व्यवस्थापन शाखा | १०५ | नगेन्द्र प्रसाद तिम्सिना |
| ५ | राजश्व संकलन काउण्टर | १०६ | पवन नेपाल |
| ६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण उप-शाखा | १०३ | हरि चापागाई |

| | | | |
|---|---|---|---|
| ७ | प्राविधिक शाखा | १०८ | रोशन उदास, |
| ८ | राजश्व शाखा/ प्रशासन उप-शाखा | १०९ | भरत अधिकारी |
| ९ | हेल्प डेक्स | ११० | तेज कुमारी थापा |
| १० | दर्ता / चलानी | १११ | तेज कुमारी थापा |
| ११ | सहकारी शाखा/संघ सस्था | ११२ | कविता ढुगाना |
| १२ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | ११३ | चन्द्रकला सुब्बा |
| १३ | कृषि विकास शाखा | ११४ | अम्बिका प्रसाद लुइटेल |
| १४ | शहरी स्वास्थ्य केन्द्र | ११५ | सविना धिमाल |
| १५ | आर्युवेद शाखा | ११६ | इन्दल शाह |
| **दोस्रो तला** | | | |
| १६ | नगर प्रमुखको सचिवालय | २०२ | |
| १७ | कानून शाखा | २०३ | भगवती आचार्य |
| १८ | न्यायिक समिति इजलास | २०४ | |
| १९ | आर्थिक प्रशासन शाखा | २०५ | गोविन्द कार्की |
| २० | शिक्षा, युवा तथा खेलकुद शाखा | २०६ | शालिग्राम काफ्ले |
| २१ | भवन तथा बस्ती विकास शाखा | २०८ | इ. हिमांशु देव |
| २२ | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा | २०९ | रोशन ठाकुर |
| २३ | सभा हल | २१० | |
| **तेस्रो तला** | | | |
| २४ | शिक्षा, युवा तथा खेलकुद शाखा | ३०१ | |
| २५ | रोजगार सेवा केन्द्र | ३०२ | ताराप्रसाद गुरागाई |
| २७ | बैठक हल | ३०३ | |
| २८ | स्वास्थ्य शाखा | ३०४ | सुरेश खड्का |
| २९ | आन्तरिक लेखा परीक्षण शाखा | ३०७ | कुबेर प्रसाद ढकाल |

**उर्लाबारी नगरपालिका वडा कार्यालयमा कार्यरत वडा सचिवहरुको विवरणः**

| सि नं | कर्मचारीको नामथर | पद | वडा |
|---|---|---|---|
| १ | रामबहादुर भुजेल | वडा सचिव | १ |
| २ | दिपक गौतम | वडा सचिव | २ |
| ३ | सम्झना थापा | वडा सचिव | ३ |
| ४ | कञ्चन भट्टराई अधिकारी | वडा सचिव | ४ |

| | | | |
|---|---|---|---|
| ५ | भावना भट्टराई | वडा सचिव | ५ |
| ६ | बालकुमार बराल | वडा सचिव | ६ |
| ७ | विश्वनाथ दाहाल | वडा सचिव | ७ |
| ८ | चित्राकुमारी बस्नेत | वडा सचिव | ८ |
| ९ | योगराज दाहाल | वडा सचिव | ९ |

## (७) नगर कार्यपालिका र वडाका पदाधिकारीहरूको नामावली :

| सि.नं. | पदाधिकारीहरुको नाम, थर | पद | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | गंगा प्रसाद खरेल | प्रमुख | | ९८५२०७४६०८ |
| २ | मिना कुमारी खतिवडा | उप–प्रमुख | | ९८५२०७४६०९ |
| ३ | तिलक कुमार पाण्डे | वडाध्यक्ष | १ | ९८१६३५०७६९ |
| ४ | टिका भुजेल | सदस्य | १ | ९८१५३८५४५० |
| ५ | सन्तकुमारी विश्वकर्मा | सदस्य/ कार्यपालिका सदस्य | १ | ९८२४३७२८२७ |
| ६ | गणेश कुमार माझी | सदस्य | १ | ९८१७३६५६२२ |
| ७ | गौरी शंकर दहाल | सदस्य | १ | ९८१३९७४७१३ |
| ८ | कुमार कडेल | वडाध्यक्ष | २ | ९८५२०४४८३१ |
| ९ | सिता बुढाथोकी | सदस्य/ कार्यपालिका सदस्य | २ | ९८४२२०१६४५ |
| १० | हेम कुमारी नेपाली | सदस्य | २ | ९८१९०००५३२ |
| ११ | नर बहादुर धिमाल | सदस्य | २ | ९८१८१३५३८४ |
| १२ | रुद्र बहादुर धिमाल | सदस्य | २ | ९८११३८०२४६ |
| १३ | भिष्मराज बुढाथोकी | वडाध्यक्ष | ३ | ९८४२१३५२२२ |
| १४ | ज्योति धिमाल | सदस्य | ३ | ९८१०५५६३५० |
| १५ | कृष्ण कुमारी विश्वकर्मा | सदस्य | ३ | ९८१९३३६३०३ |
| १६ | मित्र प्रसाद ढकाल | सदस्य | ३ | ९८५२०२३६२९ |
| १७ | कृष्ण कुमार थापा | सदस्य | ३ | ९८५२६७६६७३ |
| १८ | कल्याण कुमार राई | वडाध्यक्ष | ४ | ९८५२०२९२३७ |
| १९ | कृष्ण माया कडरिया | सदस्य/ कार्यपालिका सदस्य | ४ | ९८४२०२४२५१ |

| | | | | |
|---|---|---|---|---|
| २० | अमृता नेपाली | सदस्य | ४ | ९८१०५९७८२९ |
| २१ | सुरेन्द्र न्यौपाने | सदस्य | ४ | ९८४२३४८८९८ |
| २२ | शेखरनाथ दाहाल | सदस्य | ४ | ९८५२०४२२०७ |
| २३ | रविन लामा | वडाध्यक्ष | ५ | ९८००९१३२६१ |
| २४ | देवी कला राई | सदस्य | ५ | ९८४२३७५९६५ |
| २५ | रामकुमारी वि.क. | सदस्य | ५ | ९८०४०९५३२३ |
| २६ | सुरेश आचार्य | सदस्य | ५ | ९८०७३०७५३० |
| २७ | विनोद धिमाल | सदस्य | ५ | ९८२५३७२२५८ |
| २८ | चिन्तामणी पौडयाल | वडाध्यक्ष | ६ | ९८४२०३४०२२ |
| २९ | दुर्गावती लिम्बु सुब्बा | सदस्य | ६ | ९८४२०७९३९४ |
| ३० | पवित्रा विश्वकर्मा | सदस्य | ६ | ९८२९३२४३६९ |
| ३१ | मानबहादुर धिमाल | सदस्य | ६ | ९८०४०१०५४० |
| ३२ | बम बहादुर श्रेष्ठ | सदस्य | ६ | ९८४२११६८०३ |
| ३३ | उर्मिला थापा | वडाध्यक्ष | ७ | ९८४२१३०७९९ |
| ३४ | मनमाया तामाङ | सदस्य/ कार्यपालिका सदस्य | ७ | ९८४२०६९०१७ |
| ३५ | मञ्जु परियार | सदस्य | ७ | ९८०५३४३०५२ |
| ३६ | सुमन कार्की | सदस्य | ७ | ९८१४३७०५९२ |
| ३७ | सन्तोष निरौला | सदस्य | ७ | ९८४१८१८३९७ |
| ३८ | कुलबहादुर कार्की | वडाध्यक्ष | ८ | ९८४२१८८२७७ |
| ३९ | चन्द्रा डाँगी | सदस्य | ८ | ९८०४०५८८४७ |
| ४० | कल्पना कामी रोक्का | सदस्य/ कार्यपालिका सदस्य | ८ | ९८०४३६५४५३ |
| ४१ | डम्बर बराल | सदस्य | ८ | ९८४२१८८३५७ |
| ४२ | रुद्र प्रसाद लामिछाने | सदस्य | ८ | ९८४२१७९६०९ |
| ४३ | नर बहादुर मोक्तान | वडाध्यक्ष | ९ | ९८४२२००९४६ |
| ४४ | विमला लिम्बु | सदस्य | ९ | ९८०१४४३३८८ |
| ४५ | सावित्रा विश्वकर्मा | सदस्य | ९ | ९८२९३७०२०६ |
| ४६ | गणेश बहादुर किम्दाङ राई | सदस्य | ९ | ९८१७३६६७१० |
| ४७ | प्रकाश कन्दङवा | सदस्य | ९ | ९८१९३०९१५२ |

| | | | |
|---|---|---|---|
| ४८ | कृष्ण बहादुर बर्देवा | कार्यपालिका सदस्य | ९८४२०४३५६९ |
| ४९ | डम्बर बहादुर भुजेल | कार्यपालिका सदस्य | ९८०५३५७४५५ |
| ५० | सुनिल धिमाल | कार्यपालिका सदस्य | ९८१६३२८८४९ |

## (८) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

सेवा प्राप्त गर्ने प्रकृया तथा दस्तुर र अवधि यस कार्यालयको बडापत्रमा उल्लेख भएको र सो बमोजिमका कार्यहरू र सोको शुल्क सेवा प्राप्त गर्न लाग्ने अवधि बडापत्रमा राखिएको, कार्यालयको वेभसाइट www.urlabarimun.gov.np बाट डाउनलोड गर्न सकिने । हालै नयाँ संघीय संरचना बमोजिम बडापत्र तयार गर्ने क्रममा रहेको ।

## (९) निर्णय गर्ने प्रकृया र अधिकारी :

निर्णय गर्ने प्रकृया र अधिकारी निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| नगर सभा | नगरको ऐन, नियम, कार्यविधि लगायतका कानून योजनाको स्वीकृति लगायत |
| नगर कार्यपालिका | ऐन बमोजिमका कार्यहरू |
| नगर प्रमुख | |
| नगर उप–प्रमुख | |
| प्रमुख प्रशासकीय अधिकृत | |
| शाखा प्रमुख | |
| वडा समिति | |
| वडा अध्यक्ष | |

## (१०) निर्णय उपर उजुरी सुन्ने अधिकारी :

नगरको कानूनी विषय, योजना निर्णय उपर : नगर प्रमुख
प्रशासनिक कार्य उपर उजुरी : प्रमुख प्रशासकीय अधिकृत

## (११) यस कार्यालयबाट सम्पादन गरेको विवरण (आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको विवरण )

(क) प्रशासन, योजना तथा अनुगमन शाखा आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको क्रियाकलापहरुको विवरण ।

- यस नगरपालिकाको वडा नं. ७ र ८ को आफ्नै सुविधा सम्पन्न कार्यालय भवन निर्माण सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाहको थालनी भएको छ।
- उर्लाबारी नगरपालिकाको नगर गौरवको आयोजनाका रुपमा रहेको वक्राह विष्णु गंगाघाटको सम्झौता अनुरुपको पहिलो चरणको कार्य सम्पन्न भएको छ।
- वडा नं ९ मा आधारभूत स्वास्थ्य कार्यालयको भवन निर्माण गरिएको छ।
- सहरी शासकीय सुधार कार्यक्रम अन्तरगत अनुदान कार्यक्रम Urban Development Grant को कृष्णचोक देखि सुनझोडा सामुदायिक वनसम्म जाने सडक स्तरोन्नती योजना तिब्र गतिले निर्माण कार्य भई सव-बेस सम्मको कार्य सम्पन्न भएको छ।
- उज्यालो उर्लाबारी कार्यक्रम अन्तरगत उर्लाबारी नगरपालिका क्षेत्रको उत्तर दक्षिण मार्ग मिक्लाजुङ्ग गाउँपालिका तथा रतुवामाई नगरपालिकाको सिमानासम्म र विभिन्न भित्रि सडकहरुमा उपभोक्ताको साझेदारीमा सडक बत्ति जडान गरिएको साथै नगरक्षेत्र भित्रका अन्य स्थानहरुमा पनि सडक बत्ति जडान र मर्मत कार्यलाई निरन्तरता दिइएको ।
- उर्लाबारी नगरपालिकाको आवधिक योजनाको अध्यावधिक गरिएको ।
- वडाबाट सिफारिस भई टोल विकास संस्था गठन प्रकृयाका लागि प्राप्त निवेदनहरु उपर जाँचबुझ गरी हाल सम्म ८० वटा टोल विकास संस्था गठन/दर्ता गरिएको छ। साथै नगर कार्यपालिकाको १०७ औं बैठक बमोजिम टोल विकास संस्था सरसफाई तथा सञ्चालन खर्चमा विनियोजित रकमबाट यस नगरपालिकामा दर्ता भएका द.नं. १ देखि ७० सम्मका टोल विकास संस्थाहरुलाई प्रति टोल विकास संस्था रु १०,०००/- का दरले सञ्चालन खर्च अनुदान प्रदान गर्ने निर्णय अनुसार टोल विकास संस्थाहरुलाई खर्च अनुदान प्रदान भइरहेको छ।
- उर्लाबारी नगरपालिका वडा नं ३ मा अपाङ्गता भवन निर्माण भई रहेको अवस्था छ।
- विपन्न जनता आवास कार्यक्रम अन्तर्गतको प्रत्येक वडाहरुमा विपन्न जनताका लागि भवन निर्माण कार्य हुँदै गरेको अवस्था छ ।
- उर्लाबारी नगरपालिका वडा नं ६ को कभर्ड हलको बाहिरी संरचनाको निर्माण कार्य गरिएको छ।
- नगरभित्रका विभिन्न बजारहरु पूर्वाधार व्यवस्थापन गरिएको छ।
- उर्लाबारी नगरपालिकाको विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यविधि,२०८० अनुसार वडा कार्यालयको सिफारिस बमोजिम विपन्न नागरिकहरुको घरमा खानेपानीको धारा जडान कार्य साझेदारीमा संचालन गरिएको छ।

- नगरपालिकाको मर्मत संम्भार कोषबाट जिर्ण अवस्थामा रहेका भवन, बाटो, कल्भर्टहरुको मर्मत संम्भार गरिदै आइएको तथा विपद व्यवस्थापन कोषबाट आपतकालिन विपद व्यवस्थापनका कार्यहरु हुदै आएको छ।
- चालु आ.व. को जेठ मसान्त सम्ममा भौतिक पूर्वाधार निर्माण तर्फको भौतिक प्रगति विवरण निम्न बमोजिम छः-
    - ड्रेन - ३८६३ मिटर
    - साइडवाल - ४७६८ मिटर
    - ग्राभेल - ११६५६ मिटर
    - पेभिङ्ग ब्लक - २३८६ मिटर
    - सडक कालोपत्रे - २६३४ मिटर
    - भवन निर्माण तथा मर्मत - ३९ वटा
    - कल्भर्ट निर्माण तथा मर्मत - ७ वटा
    - तटबन्धन - ११ वटा

(ख) सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको क्रियाकलापहरुको विवरण ।

- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको दैनिक कार्य सम्पादन चुस्त, दुरुस्त एवम् डिजिटल प्रविधिको प्रयोग गरी सञ्चालन गर्न अफिस अटोमेसन सञ्चालनका ल्याइएको ।
- नगरपालिकाबाट ठेक्का प्रणालीलाई प्रभावकारी बनाउन **E-bid** लाई प्राथमिकताका साथ प्रयोगमा ल्याईएको छ ।
- नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सिसिटिभि क्यामेरा जडान गरिएको ।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र जडान तथा सञ्चालनमा ल्याइएको ।
- सामुदायिक विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन स्वीकृत ICT कार्यक्रम सञ्चालन गरिएको ।
- नगरबाट भए/गरेका काम कारवाहीको अध्यावधिक विवरणलाई नगरवासीलाई सुसूचित गराउन त्रैमासिकरुपमा स्वतः प्रकाशन नगरपालिकाको वेबसाईट मार्फत प्रकाशन गरिदै आएको ।विधुतिय सूचना प्रणाली Web Sms सञ्चालनमा रहेको ।
- आ.व २०८०।०८१ को नगरपालिकाको संस्थागत क्षमता स्व-मूल्यांकनको कार्य सफ्टवेयरमा प्रविष्ट गरिएको ।
- नगरपालिका र वडा कार्यालयमा प्रयोगमा आएका कम्प्युटर, प्रिन्टर, सफ्टवेयर लगायतका उपकरणहरुमा आएका समस्याहरुको प्राविधिकरुपमा समाधानका लागि प्रयास गरिदै आएको ।
- सूचना प्रविधिसँग सम्बन्धित विभिन्न क्षमता विकासका तालिममा सहभागी भई त्यसको सिकाईलाई कार्यालयमा प्रयोगमा ल्याउदै आएको ।

(ग) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको क्रियाकलापहरुको विवरण ।

| क.स. | कार्यक्रमको नाम | इकाई | विनियोजन बजेट न.पा. | खर्च भएको रकम | वित्तिय |
|---|---|---|---|---|---|
| क. | **महिला तर्फः** | | | | |
| १ | विपन्न महिला समूह गठन र परिचालन (निगरानी समूह समेत ) | समूह | ३०००० | ३०००० | १००.००% |
| २ | समिति गठन र व्यवस्थापन खर्च अनुदान | समिति | ५०००० | ५०००० | १००.००% |
| ३ | समूह समिति अनुशिक्षण ३ दिने गाउँस्तर | वटा | ७०००० | ६८४२० | ९७.७४% |
| ४ | समितिका सचिवहरुलाई लेखा व्यवस्थापन तालिम ३ दिने | वटा | ७५००० | ७२५२५ | ९६.७०% |
| ५ | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा कुरिती सम्बन्धी १ दिने अभिमुखीकरण नगरस्तर | वटा | ५०००० | ५०००० | १००.००% |
| ६ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमूखीकरण र लैससास परिक्षण ३ दिने नगर स्तर | जना | १००००० | ९९२०० | ९९.२०% |
| ७ | प्रत्येक वडामा गठन भएका महिला समिति अध्यक्ष वा सचिव माझ चौमासिक वैठक अलग अलग २दिन१ दिने नगरस्तर | पटक | १५०००० | ९६७३० | ६४.४८% |
| ८ | लैंगिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरुलाई अभिमूखीकरण २ दिने नगर स्तर | पटक | ५०००० | ४८७७० | ९७.५४% |
| ९ | वडाका म.वि.स.सदस्यहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लैंगिक हिंसा सम्बन्धी अभिमूखीकरण कार्यक्रम | पटक | १८०००० | ५९६३० | ३३.१२% |
| १० | उप मेयर सँग किशोर किशोरी कार्यक्रम (हिंसा र कुरीति सम्बन्धी ) | पटक | ११०००० | ७५३०० | ६८.४५% |
| ११ | महिला कानुनी शिक्षा २ दिने नगर स्तर | पटक | ५०००० | ४६०४० | ९२.०८% |
| १२ | व्यवसायिक सम्भाव्यता अध्ययन | पटक | २०००० | १९००० | ९५% |
| १३ | सिप विकास तालिम, टेवा सहित | जना | १००००० | १००००० | १००.००% |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सिप विकास स्तर उन्नती १ महिने र सीप परिक्षण | जना | ५००००० | ४८०१२४ | ९६.०२% |
| १५ | प्याड उत्पादन, कोशेली घर तथा ढाका स्तर उन्नती कार्यक्रम | जना | २०००२० | | |
| १६ | महिला हिंसा न्युनीकरण तथा शसक्तिकरण कार्यक्रम | वडा | २००००० | ० | |
| १७ | सीप लेबल १,२ वा एडभान्स तालिम लिएकाहरुलाई रूढरू १० दिने तालिम | जना | ४००००० | ३९६००० | ९९% |
| १८ | आर्थिक विपन्न, एकल, पिछडिएका जातजाति, दलित, अपाङ्गता भएका महिलाहरुलाई आत्मनिर्भर कार्यक्रम | जना | ३५०००० | ३४५००० | ९८.५७% |
| १९ | माग अनुसारको सिप विकास तालिम | जना | १००००० | १००००० | १००.००% |
| २० | विभिन्न समितिहरुको बैठक तथा खाजा खर्च | पटक | २००००० | १५७३०० | ७८.६५% |
| | | | | | |
| | **बालबालिका तर्फः** | | | | |
| २१ | पालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन निर्माण र प्रकाशन थप | | ६२०००० | ६२०००० | १००.००% |
| २२ | बालमैत्री सासन सम्बन्धी सामाजिक परिचालन | | ४७५००० | ४७५००० | १००.००% |
| २३ | बालमैत्री स्थानीय शासन वडा स्तरीय समिति गठन र पुर्नगठन बैठक | | ४०००० | १३६०० | ३४% |
| २४ | बालमैत्री स्थानीय शासन समितिको क्षमता विकास र परिचालन | | ५०००० | ५०००० | १००.००% |
| २५ | वडा र पालिका स्तरीय बाल क्लव संजाल पुर्नगठन र बैठक अभिमूखीकरण | | ५०००० | | |
| २६ | बालमैत्री स्थानीय शासन र बालअधिकार समितिको गठन, बैठक र परिचालन | | ५०००० | २९६०० | |
| २७ | बाल उद्यान सहित बालमैत्री सिकाइ केन्द्र | | ० | | |
| २८ | नगर बाल संजाल र वडा स्तरीय बाल संजालका सदस्यहरुलाई बालविवाह, दुर्व्यसनी, साइबर क्राइम सम्बन्धी अभिमूखीकरण | | ७५००० | | |
| २९ | बालअधिकार सम्बन्धी प्रचार सामग्री निर्माण, छपाई | | ८०००० | ७२४३३ | ९०.५४% |
| ३० | बालकोष | | ५०००० | ५०००० | १००.००% |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | अनुगमन तथा मूल्याङ्कन | | २५००० | २५००० | १००.००% |
| ३२ | बालमैत्री स्थानीय शासनकालागि तथ्याङ्क संकलन | | ९९९८० | १७०२० | १७.०२% |
| | **ज्येष्ठ नागरिक तर्फः** | | | | |
| ३२ | ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाइ सम्मान कार्यक्रम | जना | १००००० | ९४०५० | ९४.०५% |
| ३३ | ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन, व्यवस्थापन, गठन, परिचालन | वटा | ५०००० | ५०००० | १००.००% |
| ३४ | ज्येष्ठ नागरिक अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम १ दिने नगर स्तर | पटक | १००००० | | |
| ३५ | अल्जाइमर सम्बन्धी अभिमूखीकरण कार्यक्रम १ दिने नगरस्तर | पटक | ५०००० | | |
| ३६ | ज्येष्ठ नागरिकहरुको ९ वडाका समितिहरुलाई वैठक, यातायात तथा खाजा खर्च | | १००००० | १७०००. | १७% |
| | जम्मा | | ५०००००० | ३८०७७४२ | ७६.१५% |

(घ) शिक्षा, युवा तथा खेलकूद शाखा आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको क्रियाकलापहरुको विवरण ।

| क.स | कार्यक्रम शीर्षक |
|---|---|
| १ | सामूदायिक विद्यालयमा अध्यापनरत स्थायी शिक्षकहरुको का.स.मू तयार गरी शिक्षा विकास तथा समन्वय इकाइ विराटनगरमा पठाइएको । |
| २ | २२ वटै सामूदायिक विद्यालयका अस्थायी/ करार, राहत शिक्षक, वालबिकास, स.का तथा कर्मचारीहरुको सम्पती विवरणको अनलाइनमा प्रविष्ट गरी सम्बन्धित निकायमा पठाइएको । |
| ३ | शैक्षिक वर्ष २०८० को स्थायी शिक्षकको तलबी प्रतिवेदन तयार गरी राष्ट्रिय किताबखाना (शिक्षक) बाट पास गरेर ल्याइएको । |
| ४ | उर्लाबारी नगरपालिका क्षेत्रभित्र सञ्चालित बिभिन्न सामूदायिक विद्यालयमा अस्थायी/करार तथा अनुदानकोटामा शिक्षक छनौट गरी नियुक्तिका लागि सिफारिस गरिएको । |
| ५ | सामूदायिक विद्यालयका अस्थायी/ करार, राहत शिक्षक, वालबिकास, स.का तथा कर्मचारीहरुको प्रथम त्रैमासिक तलब भत्ता तथा चाडपर्व खर्च वापतको रकम निकासा गर्नुका साथै संघीय ससर्त अनुदानबाट प्राप्त भएका कार्यक्रमहरु कार्यान्वयन गर्नुका साथै विद्यालयमा नियमानुसार जाने अनुदान रकम निकासा गरि कार्यान्वयन गरिएको । |
| ६ | युवा तथा खेलकूद प्रबर्धनका लागि भलिबल फुटबल लगायतका खेल आयोजना गर्नुका साथै खेदकूद सामग्री खरिद तथा वितरण र खेलाडी सम्मानका कार्यक्रमहरु सञ्चालन गरिएको । |

| | |
|---|---|
| ७ | दुर्गा मा.वि.उ.न.पा. ३ लाई वकृत्वकला प्रतियोगिताका लागि २० हजार रुपैंया रकम निकासा सिफारिस गरिएको । |
| ८ | सामूदायिक विद्यालयका वि.व्य.स.अध्यक्ष र प्र.अ बीचमा शैक्षिक वर्ष २०८१ का लागि कार्य सम्पादन करार सम्झौता गरिएको । |
| ९ | इमिसमा विद्यार्थी तथा शिक्षकको विवरण अध्यावधिक गरिएको । |
| १० | स्थानीय तहबाट शिक्षातर्फ विनियोजित भएका कार्यक्रमहरु कार्यान्वयन गरिएको । |
| ११ | शैक्षिक वर्ष २०८१ का लागि सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षा थप र विषय थपका लागि नियमानुसार अनुमति प्रदान गरिएको । |
| १२ | विद्यालयमा अध्यापनरत शिक्षक तथा कर्मचारीको राष्ट्रिय किताबखाना (शिक्षक) ले प्रकाशित गरेको ढाँचामा शैक्षिक वर्ष २०८० सम्मका विदा प्रमाणित गर्ने कार्य सम्पन्न गरिएको । |
| १३ | राष्ट्रिय योजना आयोगबाट क्वालिटि एजुकेशन एण्ड लिट्रेसी प्रोजेक्टका लागि प्राप्त भएको कार्यक्रम कार्यान्वयन गरिएको । |
| १४ | सामुदायिक विद्यालयमा स्काउट प्रबर्धनका लागि शिक्षक तथा विद्यार्थीहरुलाई विभिन्न किसिमका सीपमूल कार्यक्रमहरु सञ्चालन गरिएको । |

(ङ) स्वास्थ्य शाखा आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको क्रियाकलापहरुको विवरण ।

१ बाल स्वास्थ्य कार्यक्रमः

- खोप कार्यक्रम
  - स्थानिय तह स्तरीय दादुरा रुबेला खोप अभियान अभिमुखीकरण , योजना तर्जुमा गोष्ठी खोप अनुगमन ,सुपरिवेक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
  - वार्ड खोप समन्वय समिति र स्वास्थ्यकर्मी हरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न वार्डमा घरधुरी सर्बेक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।
  - नियमित खोप सुध्रिरीकरण, पुर्णखोप सुनिश्चितता र दिगोपनाको लागि सुक्ष्म योजना अध्यावधिक र सरसफाई प्रबधन कार्यक्रमको समिक्षा गरिने छ ।

- पोषण कार्यक्रम
  - OTC को लागि बाकस खरिद गरिएको छ ।
  - ६ महिना देखि ५ वर्ष मुनिका बच्चाहरुलाई भिटामिन ए र जुकाको औषधि वितरण कार्यक्रम सम्पन्न गरिएको २०८० साल कार्तिक २ र ३ गत)े (
  - बिधालय स्वास्थ्य तथा पोषण कार्यक्रमको क्षमता अभिबृदि गरिने छ ।
  - बच्चाहरुको पोषण स्थिति लेखाजोखा गर्नको लागी स्वास्थ्य सस्थामा तौल मेसिन स्टान्ड सहित खरिद गरिएको छ ।
  - पालिका स्तरीय पोषण कार्यक्रमको समिक्षा तथा कार्ययोजना तयारी गोष्ठी सम्पन्न गरिएको छ ।

- बिधालय पोषण सप्ताह कार्यक्रम संचालन गरिएको छ ।

- समुदायमा आधारित नवजात शिशु तथा बाल्यकालीन रोगहरुको एकीकृत ब्यबस्थापन
  - CB-IMNCI कार्यक्रम समिक्षा गरिएको छ ।
  - CB-IMNCI onsite coaching गरिदै छ।

२ परिवार स्वास्थ्य कार्यक्रमः

- Family planning: लामो समयको परिवार योजना साधन (इप्लान्ट) सेवा
- नर्सिङ कर्मचारी हरुलाई PNC home visit सम्बन्धि अभिमुखीकरण गोष्ठी, समीक्षा गोष्ठी सम्पन्न गरिएको छ ।
- Safe motherhood: PNC home visit कार्यक्रम संचालन ।
- RoUSG program लाई निरन्तरता दिईएको छ ।

३ सामुदायिक स्वास्थ्य :

- म.स्वा.से दिवश सम्पन्न गरिएको छ ।
- म.स्वा.से लाई नसर्ने र मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको छ ।
- म.स्वा.से पोशाक, यातायात तथा खाजा खर्च वितरण गरिएको छ ।

४ रोग नियन्त्रण कार्यक्रमः

- स्वास्थ्यकर्मी हरुलाई क्षयरोग मोडुलर तालिम सम्पन्न गरिएको छ ।
- TB प्रयोगशाला सामंग्री ढुवानी, TB recording, reporting forms छपाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम सम्पन्न गरिएको छ।
- TB अर्धबार्षिक समिक्षा सम्पन्न गरिएको छ।
- विश्व क्षयरोग दिवस मनाउने कार्यक्रम सम्पन्न गरिएको छ ।
- जुनोटिक रोगहरु सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- विश्व उच्च रक्तचाप दिवश मनाउने कार्यक्रम सम्पन्न गरिएको छ ।
- 

५ उपचारात्मक कार्यक्रम :

- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद प्रक्रियामा छ
- जेष्ठ नागरिक तथा दिर्घ रोगीको लागि औषधि खरिद प्रक्रियामा छ ।
- ल्याब सामंग्री, सर्गिकल सामंग्री खरिद गरिएको छ ।
- सबै स्व स बाट नियमित.sugar test को लागि Glucometer , strips खरिद गरिएको छ ।

६ सपोटिंग कार्यक्रम :

- अति बिपन्न,गरिब,सर्वहारा वर्गहरुलाई आकस्मिक स्वास्थ्यसेवा तथा दिर्गरोगहरुको उपचारको लागी आर्थिक सहायता कार्यक्रम -(५४ जना )
- बिपन्न नागरिकहरुलाई उपचार सहुलियत दिदै आएका रोगहरुका बिरामीलाई यातायात खर्च (एम्बुलेन्स भाडा )- (९ जना )
- विधुतिय स्वास्थ्य सूचना Recording, Reporting प्रणाली सन्चालन गरिएको छ ।
- MSS कार्यक्रमको अभिमुखीकरण,समिक्षा सम्पन्न गरिएको छ ।
- स्वास्थ्य कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन कार्य संचालन गरिएको छ ।
- स्वास्थ्य प्रबधन अभियान ,सन्देशमुलक कार्यक्रमहरु संचालन अन्तर्गत सम्पुर्ण सामुदायिक तथा सस्थागत बिधालयमा र स्वास्थ्य सस्थामा नसर्ने रोग सम्बन्धि सन्देशमुलक ब्यानर वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- बिपन्न महिलाहरुको पाठेघरको समस्या भइ अप्रेशनको लागि अनुदान कार्यक्रम संचालन गरिएको छ ।
- "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ बमोजिम मासिक ५ हजारका दरले ११९ जना बिरामी हरुलाई वितरण गरिएको छ ।
- बिपन्न नागरिकहरुलाई कडा आठ रोगहरुको एकलाख बराबरको सहुलियत उपचारको लागि १०६ जना बिरामीलाई सुचिकृत अस्पतालमा सिफारिस गरिएको छ ।
- बिपन्न नागरिकहरुलाई कडा आठ रोगहरुको एकलाख नगद रकम प्रासिको लागि कोशी प्रदेश सरकारलाई ६० जना बिरामीहरुलाई सिफारिस गरिएको छ ।
- हाल सम्म १७४३ बिपन्न घर परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा निशुल्क आबद्द गरिएको छ ।

(च) कृषि विकास शाखा आ. व. २०८०/०८१ साउन देखि असार मसान्तसम्मको क्रियाकलापहरुको विवरण ।

१. सयपत्री फुलखेती कार्यक्रम संचालन।
  - कार्यक्रम स्विकृत रकम रु १,५०,०००।-
  - कार्यक्रम संचालन खर्च रु १,४५,६२०।—
  - उपलब्धीः- फुलखेती बाट किसानको आम्दानी रु २,५७,०००।—, प्रतक्ष तथा अप्रतक्ष रुपमा २२ जनाले रोजगारी पाएको।

२. व्यवसायिक तरकारी खेती गर्ने कृषकलाई तरकारीको बीउ तथा प्लास्टिक मल्चिङमा अनुदान सहयोग कार्यक्रम।
  - कार्यक्रम स्विकृत रकम रु ९,००,०००।-
  - कार्यक्रम संचालन खर्चः- रु ७,७६,५९२।—

- उपलब्धीः- करिव ९० जनाले रोजगारी पाएको, १२ हे. मा तरकारी खेती, करिव १८ लाख मुल्य बरावरको बिक्री भएको, १५० जनाले रोजगारी क्षृजना।

३. उन्नत जातको गहुँखेती कार्यक्रम संचालन।(५०% अनुदान कार्यक्रम)

- कार्यक्रम स्विकृत रकम रु १०,७५,०००।-
- कार्यक्रम संचालन खर्च रु ४,९०,०००।—(५०% लागत सहभागिता)
- उपलब्धीः- १४ मे.टन गहुँको बीउ उत्पादन भएको, १०३ मे.टन खायन गहुँ उत्पादन भएको, ७७ जनाले रोजगारी पाएको।

४. माटो परिक्षण सचेतना गोष्ठी संचालन।

- कार्यक्रम स्विकृत रकम रु १,५०,०००।-
- कार्यक्रम संचालन खर्चः- १,४९,८००।—
- उपलब्धीः- ३१५ जना किसान लाइ ९ वटा गोष्ठीमा सहभागी गराई माटो नमुना संकलन बारे जानकारी गराइएको,।

५. सुख्खाग्रस्त क्षेत्रमा मोटर/बोरिङ वितरण कार्यक्रम संचालन।

- कार्यक्रम संचालन खर्च रु ५०,८०,०००।-
- कार्यक्रम संचालन खर्च रु ५०,४०,०००।-
- उपलब्धीः- १०० हे जमिनमा सिंचाइ सुविधा भएको, कृषिजन्य उत्पादनमा करिव ६०% बृद्धि भएको।
- १४४ थान मोटर/बोरिङ जडान भएको।

६. माटो परिक्षणगरी कृषिचुन वितरण कार्यक्रम संचालन।(७५% अनुदान कार्यक्रम)

- कार्यक्रम संचालन स्विकृत रकम रु २६,००,०००।-
- कार्यक्रम संचालन खर्च रु २१,९५,५५०।—(२५% लागत सहभागिता)
- उपलब्धीः- ७०७ वटा माटो नमुना परिक्षण भएको
- कृषि चुनाको प्रयोग बाट माटोको अम्लियपना घटेर कृषिजन्य उत्पादनको बृद्धिमा सहयोग पुगेको।

७. आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम संचालन।

- कार्यक्रम संचालन स्विकृत रकम रु६,००,०००।-
- कार्यक्रम संचालन खर्च रु४,७०,०००।-
- उपलब्धीः- मकैबालीमा लाग्ने फौजीकिरा नियन्त्रणको लागि ९ वटै वडाभित्रका कृषक समुहमा विषादी वितरण गरी किराको प्रकोपको न्यूनिकरण भएको।
- ४४ वटा कृषक समुह, १०८८ जना ब्यक्तिगत कृषक, ११ वटा कृषि फर्म, २ वटा कृषि सहकारीले विषादी प्राप्त गरेको

८. सामुदायिक बनको खाली जग्गामा अदुवा,बेसार खेती प्रवर्द्धन कार्यक्रम संचालन।(५०% अनुदान कार्यक्रम)

- कार्यक्रम स्विकृत रकम रु ३,५०,०००।-
- कार्यक्रम संचालन खर्च रु ४,७५,८७९।—(५०% लागत साझेदारी)
